नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

सुपरमाई हाइड्रोपावर  लिमिटेड (SMH) को साधारण शेयर सूचीकरण गरिएको

# सूचना

आज मिति २०७९/१२/०६ का दिन नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सुपरमाई हाइड्रोपावर लिमिटेड (नेप्से सिम्बोल SMH) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको ५०,००,००० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष सानिमा क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुमा वितरण गरिएको ५,००,००० कित्ता (१०%), सर्वसाधारण लगानीकर्ता शेयरधनीहरुमा वितरण गरिएको (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष र कर्मचारीहरु समेत) ५,००,००० (१०%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको ४०,००,००० कित्ता (८०%) शेयर (धितोपत्र) समेत गरी जम्मा ५०,००,००० (१००%) कित्ता साधारण शेयर वितरण भई धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०७९/१२/०२ गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : मिति २०७९/१२/०६ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र उक्त कम्पनी बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, ज्ञानेश्वर रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा सानिमा क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

मिति : २०७९/१२/०६

फोन नं.: ०१-४२५०७५५/५६/५८